पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाना, संखुवासभा

फोन नं. ०२९-४११०८३

प.सं. : २०७७-०७८
च.नं. :

१ नं. प्रदेश, नेपाल

## उद्यम विकास सहजकर्ता (EDF) करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०७/२७

प्रस्तुत बिषयमा आ.ब. २०७७/०७८ मा पाँचखपन नगरपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को व्यवस्थित रुपमा कार्यान्वयनको लागि आवश्यक उद्यम विकास सहजकर्ता (EDF) पद रिक्त रहेकोले उक्त पदको खुल्ला प्रतियोगितात्मक प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट करार सेवामा लिइ पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १० दिनभित्र माग बमोजिमका विवरण राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०६/०७७-०७८ | उद्यम विकास सहजकर्ता (EDF) | सहायकस्तर चौथो | २ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः
   (क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा
   (ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
   (ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।
   (घ) कम्तिमा ३ महिने कम्प्युटर तालिम लिई आधारभुत कम्प्युटर सीप भएको ।
   (ङ) उमेरः कम्तिमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः पाँचखपन नगर कार्यपालिकाको कार्यालय, वाना, संखुवासभा ।
३. दरखास्त दिने अन्तिम मितिः मिति २०७७/०८/०७ गते कार्यालय समयभित्र
४. आवेदन दस्तुरः रु. ४००।– (चार सय)
५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रम र अन्तर्वार्ता
६. आवेदन साथ संग्लन कागजातहरुः आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि
   - नागरिकता प्रमाणपत्र
   - शैक्षिक योग्यताका प्रमाणपत्र
   - अनुभव सम्बन्धी कागजात
   - २ प्रति पासपोर्ट साइजको फोटो
७. सेवा सुविधाहरुः नगर कार्यपालिका कार्यालयले तोके बमोजिम हुनेछ ।
८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण (ToR) नगरपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ ।
९. आवेदकहरुले इमेल मार्फत समेत आवेदन दिन सक्नेछन् ।

नोटः आवेदनको ढाँचा, कार्यविवरण लगायतका अन्य जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

२०७७/०७/२६

सविर बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

सविर बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका